# धवलागिरी बहुमुखी क्याम्पस बागलुङ

## वातावरणिय तथा सामाजिक सुरक्षा कार्यबिधी

### प्रस्तावना

धवलागिरी बहुमुखी क्याम्पस, बागलुङको आन्तरिक गुणस्तर सुनिश्चितता प्रणालीलाई सुदृढ पार्नका लागि 'पर्यावरणीय तथा सामाजिक सुरक्षा कार्यबिधी' तयार गरिएको छ। यस प्रक्रियाले क्याम्पसको पर्यावरण व्यवस्थापन तथा सामाजिक सुरक्षा सुनिश्चित गर्ने विधिहरूलाई स्पष्ट गर्दछ।

## उद्देश्य

- क्याम्पस वातावरणलाई स्वच्छ, सौन्दर्ययुक्त, आकर्षक र शिक्षण सिकाइका लागि उपयुक्त र प्रेरणादायी बनाउने।
- भौतिक पूर्वाधार, खुला क्षेत्र र बगैंचा व्यवस्थापनमा सुधार गर्ने।
- कार्यस्थल वा पठन-पाठन स्थलमा हुने दुर्घटना वा आकस्मिक घटनाबाट हुने क्षतिलाई न्युनिकरण गर्ने।
- सुरक्षासम्बन्धी पूर्वतयारी, पूर्वाधार, तालिम र सचेतना कार्यक्रम विकास गर्ने।

## कार्यक्षेत्र

- यो कार्यविधि सम्पूर्ण क्याम्पस क्षेत्र (कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, बगैंचा, पार्किङ, शौचालय, क्यान्टिन, प्रशासनिक भवन, आवास क्षेत्र, खेल मैदान आदि) मा लागू हुनेछ।

## १. पर्यावरण व्यवस्थापन कार्यविधि

### १.१ हरियाली प्रवर्द्धन

- क्याम्पस परिसरमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
- बगैंचा निर्माण तथा व्यवस्थापन साथै अन्य हरियाली क्षेत्रको संरक्षण गरिनेछ।
- अनावश्यक झाडि तथा मिचाहा प्रजाति व्यवस्थापन गरिनेछ।
- बोटबिरुवाको हेरचाहको लागि बगैंचा कर्मचारी तोकिनेछ।
- सिँचाइ व्यवस्थाको सुधार गरिनेछ।

- क्याम्पस हाताभित्र पर्ने पुष्पलाल मध्यपहाडी लोकमार्ग विस्तारको क्रममा रुखहरु काटिएको स्थानमा उपयुक्त बिरुवा छनोट गरि पुन वृक्षारोपण गरिनेछ।

**१.२ सरसफाइ तथा फोहोर व्यवस्थापन:**

- दैनिक सफाइ तालिका निर्माण गरिनेछ।
- जैविक र अजैविक फोहोर छुट्याउने, कम्पोस्टिङ, र पुनः प्रयोग प्रणाली लागू गरिनेछ। फोहोर छुट्याउने डस्टबिन क्याम्पसका विभिन्न स्थानहरूमा राखिनेछ।
- प्रयोगशालामा प्रयोग भएका रासायनिक फोहोरको सुरक्षित तरिकाले व्यवस्थपान गरिनेछ।

**१. ३ रंगरोगन तथा भवन सौन्दर्यीकरण**

- सबै कक्षा, भवन र बारको रंगरोगन नियमित रूपमा गरिनेछ।
- सूचना पाटीहरूलाई आकर्षक, व्यवस्थित र जानकारीमूलक बनाइनेछ।
- पर्खाल वा खुला ठाउँहरूमा शैक्षिक र प्रेरणादायी भित्तेचित्र बनाइनेछ।
- Open Reading Area निर्माण गरि सौन्दर्ययुक्त बनाइनेछ।

**१. ४ संकेत र सूचना व्यवस्थापन**

- संकेत बोर्ड व्यवस्थित गरिनेछ।
- मुख्य प्रवेशद्वार भित्र क्याम्पस नक्शा राखिनेछ।
- प्रेरणादायी भनाई, शैक्षिक सूचनाहरू र नीति मार्गदर्शन लेखिएको पाटीहरू राखिनेछ।

**१. ५ विद्यार्थी संलग्नता**

- हरेक महिनामा **Campus Cleaning Day** आयोजना गरिनेछ।
- चित्रकला, वा फोटो प्रतियोगिता मार्फत क्याम्पसको सौन्दर्यमा योगदान दिईनेछ ।

## २. सुरक्षा सम्बन्धि कार्यबिधि

**२. १ पूर्वाधार र भौतिक संरचनामा सुधार:**

- निर्माणकार्य वा मर्मत भइरहेको स्थानमा चेतावनी बोर्ड र घेराबार गरिनुका साथै निर्माण सामाग्री को उचित व्यवस्थापन र आवश्यकता अनुसार वैकल्पिक बाटोको व्यवस्था गरिनेछ।

- भवनको नियमित मर्मतसम्भार गरिनेछ।
- सीढीहरूमा रेलिङ तथा चिप्लो ठाउँमा एन्टिस्लिप टाइलको प्रयोग गरिनेछ।
- अपांगमैत्री पहुँच (र्‍याम्प, सुलभ शौचालय) को व्यवस्था गरिनेछ।

**२. २ प्रयोगशाला र उपकरण सुरक्षा :**

- प्रयोगशालामा सुरक्षा मापदण्डको तालिम दिईनेछ।
- खतरनाक रसायन वा उपकरण प्रयोग गर्दा सुरक्षा गगल्स, पञ्जा, लेब कोट अनिवार्य गरिनेछ।
- प्रयोगशालामा प्राथमिक उपचार बक्सको व्यवस्था गरिनेछ।
- प्रयोगशालाको नियमित अनुगमन र उपकरणको मर्मत गरिनेछ।

**२. ३ आकस्मिक स्थितिको तयारी :**

- आगलागी नियन्त्रणका लागि Fire Extinguisher को उपलब्धता हुनेछ।
- आगलागी, भूकम्प वा अन्य आपतकालीन अवस्थाको लागि पुर्वतयारी गरिनेछ ।

**२. ४ स्वास्थ्य सुरक्षा:**

- क्याम्पसमा स्वास्थ्य सहायता कक्ष (Health Desk) को स्थापना गरिनेछ।
- प्राद्यापक, कर्मचारी तथा विद्यार्थीको स्वास्थ्य परीक्षण कार्यक्रम वर्षमा कम्तीमा एकपटक गरिनेछ।
- सरुवा रोग फैलिन नदिन सरसफाइ तथा व्यक्तिगत स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम सन्चालन गरिनेछ।
- स्वच्छ पिउने पानी र सफा शौचालयको सुविधा हुनेछ।

**२. ५ सवारी सुरक्षा:**

- गाडी पार्किङ व्यस्थित गरिनेछ।
- क्याम्पस अगाडि र वरपर "Slow Down", "No Horn" आदि ट्राफिक चिन्हहरू राख्न लगाइनेछ।
- सडक पार गर्ने ठाउँमा ज़ेब्रा क्रसिंग र चेतावनी संकेतहरू राख्न लगाइनेछ।

## कार्यान्वयन संयन्त्र:

- IQAC अन्तर्गत विशेष "**सरसफाई तथा बगैचा व्यवस्थापन उपसमिति**" गठन गर्ने।
- प्रत्येक विभाग / संस्थानलाई जिम्मेवारी बाँडफाँड गर्ने।
- स्वतन्त्र विद्यार्थी युनियनसँग समन्वय गरी सामूहिक सहभागिता सुनिश्चित गर्ने।
- वार्षिक कार्ययोजना र बजेट निर्धारण गर्ने।

## अनुगमन, मूल्याङ्कन र सुधार:

- प्रत्येक वर्ष उपसमितिबाट मूल्याङ्कन प्रतिवेदन बुझाउने।
- अभिभावक, प्राध्यापक, कर्मचारी तथा विद्यार्थी मार्फत प्रतिक्रिया संकलन गर्ने।
- आवश्यकतानुसार कार्यबिधि र कार्यान्वयन प्रक्रियाको पुनरावलोकन र परिमार्जन गर्ने।